# बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोगका अध्यक्ष तथा सदस्य नियुक्तिको लागि गठित सिफारीस समितिको सूचना

सशस्त्र द्वन्द्वका क्रममा भएका मानव अधिकारको गम्भिर उल्लङ्घन सम्वन्धी घटना र त्यस्तो घटनामा संलग्न व्यक्तिहरुको वारेमा सत्य अन्वेषण तथा छानविन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउन, पीडक र पिडित वीच मेलमिलाप गराउन, पीडितलाई परिपुरणको व्यवस्था लगायत त्यस्तो घटनासंग सम्वन्धित गम्भीर अपराधमा संलग्न व्यक्तिलाई कानूनी कारवाहीको लागि सिफारीस गर्न वेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा ३ वमोजिम गठन हुने बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोगको अध्यक्ष तथा सदस्य पदमा नियुक्त हुन सोही ऐनको दफा ४ वमाजिमको योग्यता भएको तथा दफा ५ वमोजिम अयोग्य नभएका इच्छुक नेपाली नागरिकले देहायको मिति, स्थान र समयसम्म बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग वा सत्य निरुपण तथा मेलमिलाप आयोगको अध्यक्ष तथा सदस्य छनौट प्रकृया, २०७१ को अनुसुचि १ वमोजिमको फारम भरी वुझाउनु हुन यो सूचना प्रकासित गरिएको छ ।

१. फारम पाईने स्थानः शान्ति कोष सचिवालय, ववरमहल अथवा शान्ति तथा पुनर्निमाण मन्त्रालयको वेभसाईट www.peace.gov.np मार्फत पनि फारम डाउनलोड गर्न सकिने छ ।
२. फारम वुझाउनु पर्ने स्थान र अन्तिम मितिः शान्ति कोष सचिवालयमा मिति २०७१।६।११ गते सम्म ।
३. फारम साथ संलग्न गरिने नेपाली नागरिकताको प्रमाणपत्र र शैक्षिक योग्यताको प्रमाणपत्र नोटरी पव्लिकद्धारा प्रमाणित भएको हुनुपर्नेछ ।
४. यस संग सम्वन्धित विषयमा अन्य जानकारीको लागि शान्ति कोष सचिवालयमा सम्पर्क राख्न सक्नु हुनेछ ।

# बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोगका अध्यक्ष तथा सदस्य नियुक्तिको लागि गठित सिफारीस समितिको सूचना

बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा ३ को उपदफा (५) को प्रयोजनको लागि बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोगका अध्यक्ष तथा सदस्यको छनौट प्रकृया, २०७१ सार्वजनिक गरिएको छ ।

विस्तृत विवरण शान्ति तथा पुनर्निमाण मन्त्रालयको वेभसाईट www.peace.gov.np मा हेर्न सक्नु हुनेछ ।